# हरिनगर गाउँपालिका

**Harinagar Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of the Rural Municipal Executive**

हरिनगरा, सुनसरी
Harinagara, Sunsari

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


प.सं. २०८३/०८४
च.नं.

(प्रथम पटक प्रकाशित मिति:२०८३/०५/१८)

## आन्तरिक आय सङ्कलन ठेक्का सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना।

प्रस्तुत विषयमा आ.व. २०८३/०८४ मा यस गाउँपालिकाको स्वीकृत दररेट बमोजिम आन्तरिक आय निम्न हाटबजारबाट सङ्कलन गर्नुपर्ने भएकाले तपसिल बमोजिमको दररेटमा बढाबढ गरी लिन इच्छुक नेपाली नागरिक/फर्म वा कम्पनीले तपसिल बमोजिमको शर्तमा रही शिलबन्दी प्रस्ताव प्रकाशन भएको मितिले १५ दिनभित्रमा पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रशासन गरिएको छ।

| क्र.स. | ठेक्का नं. | हाटबजारको विवरण | ठेक्का अवधि | न्यूनतम रकम | भ्याट रकम | भ्याट सहित न्यूनतम रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हरिनगर/राजश्व/०१/२०८३/०८४ | रामनगर भुटाहा बजार | सम्झौता मितिदेखि २०८४ असार मसान्तसम्म | १,२३,००० | १५,९९० | १,३८,९९० | |

तपसिल:-

१. शिलबन्दी प्रस्ताव यो सूचना प्रकाशित भएको मिति १५ दिनसम्ममा यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. शिलबन्दी प्रस्तावपत्र १६औं दिनको १२:०० बजेभित्रमा यस कार्यालयमा दर्ता गर्न सकिनेछ। सोही दिनको २:०० बजे दर्ता भएका शिलबन्दी प्रस्तावदाताको उपस्थितिमा वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन। १६औ दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट हुनेछ।

३. प्रस्तावदाताले आफूले कबोल अङ्कको ५ प्रतिशतले हुन आउने धरौटी रकम कृषि विकास बैंक लि. हरिनगरा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०६०२४०१३१११७१०४१ मा जम्मा गरी सक्कलै बैंङ्क भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंङ्कले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानीपत्रको सक्कल प्रति संलग्न राख्नुपर्नेछ।

४. सिलबन्दी प्रस्तावपत्र यस कार्यालयबाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ।

५. खरिद गरिएको प्रस्तावमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी प्रष्टसँग लेखी गाउँपालिकाको कार्यालयमा दर्ता गरी बुझाउनुपर्नेछ। कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मानिनेछ। टिपेक्स प्रयोग गरेको तथा केरमेट भएको फारामलाई मान्यता दिईने छैन।

६. सवैभन्दा बढी रकम कबोल गर्ने रीत पुगेको शिलबन्दी प्रस्तावपत्रलाई स्वीकार गरिनेछ।

७. प्रस्ताव स्वीकृत भएको ७ दिनभित्रमा आफूले कबोल गरेको कुल रकम गाउँपालिकामा बुझाएमा भ्याट बाहेकको कबोल रकमको १०% ले हुन आउने रकम छुट गरिनेछ। कबोल गरेको कुल रकम नबुझाउने प्रस्तावदाताले कबोल रकमको ६०% ले हुन आउने रकम ७ भित्रमा कार्यालयको खातामा जम्मा गरी सम्झौता गर्नुपर्नेछ। बाँकी कबोल रकम २०८४ चैत्र मसान्तभित्रमा बुझाउनुपर्नेछ। प्रस्तावपत्रपत्र स्वीकृत भए पश्चात ७ दिनभित्रमा सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी दोश्रोलाई ७ दिनको म्याद दिइनेछ र दोश्रोले पनि सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी तेश्रोलाई पुन: ७ दिनको म्याद दिईनेछ। यदि तेश्रोले पनि सम्झौता नगरेमा धरौटी वापतको ५% रकम जफत गरी अर्को ठेक्का आव्हान गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

# हरिनगर गाउँपालिका
## Harinagar Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हरिनगरा, सुनसरी
Harinagara, Sunsari

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


प.सं. २०८३/०८४
च.नं.

८. ठेक्का पार्ने व्यक्ति वा फर्मले गाउँपालिकाले तोकेको दररेट भन्दा बढी कर सङ्कलन गर्न पाउनेछैन।
९. रीत नपुगेको वा उपरोक्त शर्त बन्देज विपरित ठहरिने शिलबन्दीपत्र प्रतिष्पर्धाबाट स्वत: हटाइनेछ।
१०. एउटा शिलबन्दी प्रस्तावपत्र एउटा ठेक्काको लागि मात्र मान्य हुने भएकाले एक भन्दा बढी हाटबजारको दरभाउपत्र पेश गर्ने व्यक्ति/फर्मले छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नुपर्नेछ।
११. कुनै कारणले बजार बन्द भएमा, प्राकृतिक विपत्ती आदि कारणले वा अन्य काबु बाहिरको परिस्थितिले प्रस्तावपत्रपत्रदाताले तोकिएको शुल्क उठाउन नसक्ने अवस्था सृजना भएमा गाउँपालिकाले कुनै पनि प्रकारको क्षतिपूर्ति दिनेछैन।
१२. प्रस्ताव पेश गर्दा प्रस्तावदाता तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्तसहितको प्रस्ताव, रीत नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही छैन।
१३. असुली गर्नुपर्ने करको दररेटको विवरण तथा ठेक्कापट्टासम्बन्धी शर्तहरु प्रस्ताव फाराम साथ उपलब्ध गराईनेछ।
१४. यस कार्यालयमा रकम बुझाउनुपर्ने बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले बाँकी बक्यौता नबुझाइसम्म यो ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन।
१५. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै प्रस्तावहरु कुनै कारण जनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।
१६. कर असुली गर्नुपर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई कर असुली गर्नुपर्नेछ।
१७. धरौटी वापतको रकम ठेक्का रकममा समायोजन हुने छैन।
१८. उल्लिखित शर्तहरु बाहेक अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।
१९. थप अन्य जानकारीका लागि गाउँपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

<u>संलग्न गर्नुपर्ने कागजातहरु:-</u>

व्यक्तिको हकमा:- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र PAN दर्ता प्रमाण पत्र

फर्म/कम्पनीको हकमा:- फर्म/कम्पनीको दर्ता प्रमाणपत्र/इजाजतप्रमाणपत्रको प्रतिलिपि, PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(रोहिणी आचार्य)
प्रमुख प्रशासकीय अधिकृत